**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारको अगुवाईमा आगामी राज्य विधानसभा चुनावबारे दुई दिने बैइक सम्पन्न। राज्यका मतदाताहरूसित मतदानलाई उत्सवको रूपमा मनाउने र बढ़ी संख्यामा मतदान गर्ने आयोग आवाहान । कुनै पनि वैध मतदाताको नाम र काटिने तथा कुनै पनिअवैध मतदाताको नाम सामेल नगरिने चुनाव आयुक्तको दावी।
२. पश्चिम बंगालको उत्तर चौबिस परगनाबाट ७० करोड़ रूपियाको जाली भारतीय नोट बरामद सातजना पक्राउ ।
३. केन्द्रिय मंत्रीमण्डलले हिजो बैठकमा पश्चिम बंगालका लागि २,६०५ करोड़ रूपियाँको रेल परियोजनालाई मंजुरी दिएको छ।
४. बीजेपीको परिवर्तन यात्रा सिलगड़ी ७मतिगड़ा हुँदै हिजो साँझ नक्सलबाड़ी पुगेको छ।

**मुख्य निर्वाचन आयुक्त: पश्चिम बंगाल**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले निर्वाचन आयोगले मतदाता धम्कीका घटनाहरूलाई सहने छैन भनी बताउनु भएको छ |प्रमुख निर्वाचन आयुक्तले पश्चिम बंगालका सबै मतदाताहरूले हिंसा र धम्कीमुक्त वातावरणमा आगामी विधानसभा चुनावमा भाग लिने कुरा आयोगले सुनिश्चित गर्ने बताउनु भएको छ | चुनाव तयारी सम्बन्धी दुई दिने समीक्षा बैठकपछि हिज कोलकातामा आयोजित पत्रकार सम्मेलनमा श्री कुमारले कानून प्रवर्तन एजेन्सीहरूलाई डर वा पक्षपात बिना कानून कडाइका साथ लागू गर्न निर्देशन दिइएको बताउनु भयो ।प्रमुख निर्वाचन आयुक्तले शान्तिपूर्ण र सहभागितामूलक चुनाव सुनिश्चित गर्न सहयोगको लागि मतदाताहरूलाई अपील गर्नु भयो । उहाँले मतदाता सूचीहरूको विशेष गहन संशोधन सम्पन्न हुन लागेको उल्लेख गर्नु भयो । उहाँले त्रुटिरहित मतदाता सूची लोकतन्त्रको आधारशिला भएकोमा जोड दिनुभएको छ |

**ममता बनर्जी**

पश्चिम बंगाल की मुख्यमंत्री ममता बनर्जीले मंगलवार आफ्नो धरना समाप्त गर्नु भएको छ । पछिल्लो पांच दिनहरुदेखी चलिरहेको यस धरना प्रदर्शनलाई सुप्रीम कोर्टको आदेशपछि समाप्त गरिएको हो । मुख्यमंत्री ममता बनर्जीले कोलकातामा पांच दिनहरुसम्म धर्ना दिएर चुनावी सूचीमा कथित तौरमा मतदाताहरुको नाम हटाइएकोमा विरोध जनाएकी थिइन् । यस अवधि उहाँले र उहाँको पार्टी तृणमूल कांग्रेसका नेताहरुले भारत निर्वाचन आयोगमाथि तिखो हमला गरेकी थिइन् ।

धरना समाप्त गर्नु हुदै मुख्यमंत्रीले भन्नु भयो कि मंगलवार सुप्रीम कोर्टमा भएको सुनवाई उहाँको आंदोलनको एक सकारात्मक उपलब्धि हो । अदालतले SIR प्रक्रियाको अवधि उठाइएका आपत्तिहरुको सुनवाईको लागि एक विशेष ट्रिब्यूनल बनाउने सुझाव दिएको छ ।

मुख्यमंत्रीले भन्नु भयो कि यदि यस प्रकारको व्यवस्था लागू भए ती मानिसहरु जसको नाम मतदाता सूचीबाट हटाइएको छ , उनीहरुलाई न्याय प्राप्त हुने अवसर मिल्नेछ । उहाँले भन्नु भयो कि उहाँको सरकार र पार्टी हरएक नागरिकको मतदानको अधिकारको रक्षाको लागि प्रतिबद्ध छ । मुख्यमंत्री यो पनि संकेत दिनु भयो कि यदि आवश्यक परेमा यी मुद्दाहरुमा अघि पनि आंदोलन र कानूनी लड़ाई जारी रहनेछ ।

**उच्च माध्यमिकको कपी जाँचमा सबै शिक्षकहरूलाई खटाइनेछ: परिषद**

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषदले राज्यका सरकारी एवं सहायता प्राप्त स्कूलहरूका प्रधानाध्यापकहरूलाई सूचित गरेको छ, यस वर्ष उच्च माध्यमिक परीक्षाको उत्तरपुस्तिकाको मूल्यांकन कार्यदेखि शिक्षकहरूलाई छुट दिइनेछैन। परिषदले माध्यमिक र उच्च माध्यमिक स्तरमा शिक्षकहरूको ठूलो अभाव नै यस पछाड़िको कारण रहेको बताएको छ। संस्थानहरूलाई पठाइएको पत्रमा परिषदले भनेको छ , राज्यमा परीक्षा दिने विद्यार्थीहरूको संख्याको तुलनामा शिक्षकहरूको संख्या

धेरै कम छ, त्यसैले मूल्यांकन प्रक्रियामा सबै उपलब्ध शिक्षकहरूलाई खटाउन आवश्यक भएको छ। परिषदले गए सोमवार प्रधानाध्यापकहरूलाई पठाएको पत्रमा भनेको छ , "तपाईहरू यस तथ्यसित अवगत हुनुहुन्छ कि हाम्रो राज्यमा माध्यमिक र उच्च माध्यमिक स्तरका विद्यार्थीहरूको संख्याको तुलनामा शिक्षकहरूको संख्या एकदमै कम छन। त्यसैले परिषदले कुनै पनि शिक्षकलाई उत्तरपुस्तिका मूल्यांकनको ड्यूटीदेखि छुट दिन सक्दैन।"
परिषदका एकजना अधिकारीले बताए अनुसार , मूल्यांकन कार्यदेखि कुनै पनि शिक्षकलाई मुक्त गर्ने अनुरोधलाई सामान्यतः स्वीकार गरिनेछैन।

सेमेस्टर आधारित उच्च माध्यमिक परीक्षा गत 27 फरवरीमा समाप्त भएको थियो। पछिल्लो सेप्टेम्बर महिनामा आयोजित तेस्रो सेमेस्टरको परीक्षामा असफल रहेका विद्यार्थीहरूले 12 फरवरीदेखि 27 फरवरीबीच चौथो सेमेस्टरको परीक्षासितै पूरक परीक्षा दिएका थिए ।यस अतिरिक्त पछिल्लो वर्ष पुरानो वार्षिक प्रणाली अन्तर्गत उच्च माध्यमिक परीक्षामा असफल रहेको अन्तिम ब्याचका उम्मेद्वारहरूले पनि फरवरीमा आयोजित परीक्षामा भाग लिएका थिए ।
परिषदका एकजना अधिकारी अनुसार यस वर्ष लगभग 7.5 लाख विद्यार्थीहरूले परीक्षा दिएका कारणले मूल्यांकनको लागि उत्तरपुस्तिकाहरूको संख्या धेरै छ। यसअघि पनि शिक्षकहरूको अभावलाई केन्द्र गर्दै परिषदले बाह्रौं कक्षाको बोर्ड परीक्षा अवधि प्राथमिक स्कूलहरूका शिक्षकहरूलाई पनि निरीक्षक (इनभिजिलेटर)- को रूपमा नियुक्त गरेका थिए ।

## सिलगढ़ी आइपुग्यो भाजपाको परिवर्तन यात्रा

पश्चिम बंगालमा द्रुत गतिमा भइरहेको राजनीतिक गतिविधिबीच भारतीय जनता पार्टी (भाजपा)- को परिवर्तन यात्रा हिज मंगलवार सिलगढ़ी आइपुग्यो। शहरका विभिन्न क्षेत्रहरू भएर गुज्रिँदै यात्रा माटीगाड़ा हुँदै नक्सलबाड़ीसम्म पुगेको थियो ।

## सिक्किम ऑर्किड महोत्सव

सिक्किमको पाकयोंग जिल्लामा भारतीय कृषि अनुसंधान परिषद र राष्ट्रीय ऑर्किड अनुसंधान केंद्र द्वारा आयोजित भारतीय ऑर्किड महोत्सव 2026 हिज समापन भएको छ। महोत्सवको विषय-सौंदर्य र समृद्धिका लागि ऑर्किड रहेको थियो।

## खरसाङ विधानसभा समष्टिका फरेष्ट विलेजर्ससँग भागोप्रमोको सभा सम्पन्न

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) खरसाङ महकुमा समितिको पहलमा हिज खरसाङ विधानसभा समष्टि क्षेत्र अन्तर्गत पर्ने सम्पूर्ण वन बस्तीका सदयहरुलाई लिएर खरसाङ महकुमा कार्यालयमा सभा सम्पन्न भएको छ । भागोप्रमो केन्द्रिय समितिका मूल सचिव तथा आगामी चुनाउका सम्भावित प्रार्थी अमर लामाको अध्यक्षतामा सम्पन्न भएको सभामा वन बस्तीका विभिन्न समस्याहरुको समाधानलाई लिएर भइरहेका पहल र कार्यहरुको विस्तृत जानकारी गराइएको थियो ।

सभामा मिरिक, आरआर ब्लक, खरसाङ ब्लकबाट उपस्थित भएका प्रतिनिधिहरुले आ आफ्नो सुझाउसंगै सभालाई सम्बोधन गरेका थिए। यस क्रममा आरआर ब्लकका कर्माध्यक्ष प्रवेश लामाले जीटीएद्वारा फरेष्ट भिलेजर्सको समस्या सामाधानको निम्ति मनोनित बबिन लेप्चाले पहल गरिरहेको जानकारीसंगै ब्लकभित्रका समस्याहरुको विवरण सुनाएका थिए। उनले यस विषयमा कार्य गरेको लगभग 30 वर्ष भइसकेको जानकारी दिंदै वर्तमानमा जीटीएका मुख्य कार्यपालको नेतृत्वमा धेरै वनवासीहरुले अनुसूचित जातिको टाइटल पाएको जानकारी गराउँदै आभार व्यक्त गरे।
सभाध्यक्ष केन्द्रिय समितिको मूल सचिव अमर लामाले फरेष्ट भिलेजर्सको विभिन्न समस्याहरु र यसको समाधान विषयमा वक्तव्य राखेका थिए।

## महानदी र तीनधारेमा भागोप्रमोको बुथ स्तरीय चुनाउ कमिटी गठन

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको चुनावी सभा र बुथ स्तरीय चुनाउ कमिटी गठन कार्यक्रम जारी छ। यस अन्तर्गत हिज महानदीको बुथ नम्बर 264 र सिविटारको बुथ नम्बर 261 मा एक सभा सम्पन्न भयो। महानदीको बुथ नम्बर 264 मा हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन केन्द्रिय कानुनी सल्लाहकार शेखरचन्द्र प्रधानको अध्यक्षतामा सभा सम्पन्न भयो। सभालाई महानदी ग्राम पञ्चायतका पञ्चायत प्रधान पासाङ शेर्पा, सभासद नवराज छेत्री, भागोप्रमो तीनधारे महानदी समष्टिका सभापति राजीव थापा, हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिका सभापति सागर गुरुङ, नारी शक्ति समष्टि सभापति निरा प्रधान र सभाध्यक्ष शेखरचन्द्र प्रधानले सम्बोधन गरेका थिए।

****** ० ******